# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
# दैलेख
# विनियोजन ऐन २०७८

**गाउँपालिका** : डुङ्गेश्वर

**जिल्ला** : दैलेख

**प्रदेश** : कर्णाली, नेपाल

**गाउँसभाबाट स्वीकृत मिति २०७८/०३/३०**

**प्रमाणिकरण मिति :२०७८/०३/३०**

**प्रमाणिकरण गर्नेको दस्तखत :**

# डुङ्गेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०७८

डुङ्गेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७८\०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७८।०३।३० गते

प्रस्तावनाः डुङ्गेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७८\०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम डुङ्गेश्वर गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "डुङ्गेश्वर गाउँपालिकाको विनियोजन ऐन,२०७८ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७८\०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८\०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ३७,२४,९१,२४३।०० (सठत्तीस करोड चौबीस लाख एकानब्बे हजार दुई सय त्रिचालीस रुपैयाँ मात्र )** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८\०७९ को निमित्त डुङ्गेश्वर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक

वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची—१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| आ.व. २०७८।०७९ को कुल बजेट | | | |
|---|---|---|---|
| **क्र.स.** | **बजेट शिर्षक** | **बजेट** | **कैफियत** |
| 1 | वित्तिय समानिकरण तर्फ संघ | ८१४००००० | |
| 2 | वित्तिय समानिकरण तर्फ प्रदेश | ८३०९००० | |
| 3 | राजश्व बाँडफाँड (संघ) | ६१४६३००० | |
| 4 | राजश्व बाँडफाँड (प्रदेश) | ४०२२४३ | |
| 5 | शर्सत तर्फ संघ | १५९२००००० | |
| 6 | शर्सत तर्फ (प्रदेश) | ८३१७००० | |
| 7 | समपूरक अनुदान संघ | ८३००००० | |
| 8 | समपूरक अनुदान प्रदेश | १०५००००० | |
| 9 | विशेष अनुदान संघ | १४५००००० | |
| 10 | विशेष अनुदान प्रदेश | ३०००००० | |
| 11 | आन्तरिक स्रोत | २२००००० | |
| 12 | मौज्जात गत वर्षको बचत वा अ.ल्या. | १४९००००० | |
| | **जम्मा** | **३७२४९१२४३** | |
| | **चालु तर्फ** | **२६४९३७२४३** | |
| | **पुंजी तर्फ** | **१०७५५४००** | |
| | **जम्मा** | **३७२४९१२४३** | |